१. डिजिटल माध्यामबाट तथ्यांक संकलन, विश्लेषण, प्रशोधन तथा नगर प्रोफाइल निर्माण को कार्यशर्त विवरण

क. संक्षिप्त विवरण

| | |
|---|---|
| **काम :** डिजिटल **माध्यामबाट तथ्यांक संकलन,** विश्लेषण, प्रशोधन **तथा नगर** प्रोफाइल **निर्माण** | **सेवा प्रकृति** : **परामर्श सेवा** |
| **कार्यालय:** आठविसकोट नगरपालिकाको कार्यालय, पश्चिम रुकुम | **सुपरिवेक्षक:** नगर कार्यपालिका, प्रमुख प्रशासकिय अधिकृत र **नगरपालिका अन्तर्गतका निकायहरू** |
| **कार्य समय** : सम्झौतामा उल्लेख भए बमोजिम | **सेवा अवधि** : दुई महिना |
| **प्रतिवेदन पेश गर्नुपर्ने निकाय** : **आठविसकोट नगरपालिकाको कार्यालय, रूकुम(पश्चिम)** | **मुख्य कार्य :**<br>• **डिजिटल माध्यामबाट १४ वटै वडाहरूको जनसंख्यिकीय तथ्यांक संकलन**<br>• **तथ्यांक संकलनको लागि निश्चित ढाँचामा फारामहरूको विकास**<br>• **संकलित तथ्यांकहरूको विश्लेषण तथा प्रशोधन**<br>• **तोकिएको ढाँचामा नगर प्रोफाइलको निर्माण**<br>• **प्रोफाइलसँग सम्बन्धीत अन्य कार्यहरु** |

उद्देश्यहरु :

- **नगरपालिकाको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्यांकणको लागि आवश्यक तथ्यांक उपलब्ध गराई योजना निर्माण तथा बजेट तर्जुमालाई वास्तविक बनाउने ।**
- **स्थानीय तहबाट प्रदान गरिने आधारभुत सेवा प्रवाहमा सूचना तथा संचार प्रविधिको प्रयोग गरी विद्युतीय शासन** (E-governance) **स्थापना गर्ने सहयोग गर्ने ।**
- **विद्युतीय शासन** (E-governance) **अनुरूप स्थानीय तहका आवश्यकताहरूलाई सम्बोधन गर्ने कार्यालयमा थप आवश्यकताहरूको संकलन तथा विश्लेषण गर्ने आधार तयार गर्ने**

ख. कार्य विवरणहरु

| मुख्य क्रियाकलापहरु | कार्य सम्पादन सुचक | सुचकको स्रोत |
|---|---|---|
| परामर्शदाताले गर्ने कार्यहरु निम्नानुसार हुनेछन्: | | |

| | | |
|---|---|---|
| • डिजिटल माध्यामबाट १४ वटै वडाहरूको जनसंख्यिकीय तथ्यांक संकलन गर्ने । <br>• तथ्यांक संकलनको लागि निश्चित ढाँचामा फारामहरूको विकास गर्ने <br>• संकलित तथ्यांकहरूको विश्लेषण तथा प्रशोधन गर्ने <br>• तोकिएको ढाँचामा नगर प्रोफाइलको निर्माण गर्ने <br>• प्रोफाइलसँग सम्बन्धीत अन्य कार्यहरू गर्ने | • तोकिएको ढाँचामा नगर प्रोफाइल निर्माण भएको <br>• डिजिटल माध्यामबाट तथ्यांकहरूको संकलन भएको <br>• तथ्यांक संकलनको लागि आधारभूत ढाँचाहरू तयार भएको <br>• संकलित तथ्यांक आधारभूत ढङ्गले दुरूस्त रहेको <br>• नगर प्रोफाइल तयार भई नगरपालिकामा हस्तान्तरण भएको | • स्थानीय तहका प्रणालीहरूको संचालन र प्रतिवेदन । <br>• नगरपालिकाका विभिन्न निकायले गरेको अनुगमन तथा मूल्यांकण |

ग. कार्यविवरण लक्ष्य तथा उद्देश्य पुरा गर्न आवश्यक क्षमता तथा स्रोत साधनहरु

| सीप तथा क्षमता | स्रोत साधनहरु र उपकरणहरु | सहयोगी व्यवस्थाहरु तथा वातावरण |
|---|---|---|
| सूचना तथा सञ्चार प्रविधिमा दक्षता | • ल्यापटप <br>• इन्टरनेट <br>• मोवाइल <br>• परामर्शदाताले आवश्यकता ठानेका अन्य साधनहरू | • कार्यक्रम सम्बन्धमा आधारभुत एवं अन्य विषयगत तालिम, अभिमुखिकरण <br>• सन्दर्भ सामाग्रीहरूको उपलब्धता -नीतिगत दस्तावेजहरू, कार्यक्रम दस्तावेज र कार्य योजना आदी) <br>• अनुभव आदान प्रदान र सिकाईको अवसर <br>• उपयुक्त कार्य वातावरण (सूचनामा पहुँज, अन्तर सम्बन्धको विकास, उत्प्रेरणा आदी) |

- ➢ परामर्शदाताले सम्झौता भएको मितिले दुई महिनाभित्र माथि उल्लेखित सम्पूर्ण कार्यहरू सम्पन्न गरी नगरपालिकामा प्रतिवेदन सहितको प्रोफाइल पेश गरिसक्नु पर्नेछ ।
- ➢ नगरपालिकाले परामर्शदाताको लागि आवश्यक पर्ने नगरपालिकामा उपलब्ध भएसम्मका एवम् उपलब्ध गराउन मिल्ने खालका सूचनाहरू उपलब्ध गराउने छ ।
- ➢ माथि उल्लेखित कार्यहरू गर्न नगरपालिकाले उपलब्ध गराउन सक्ने भौतिक सुविधा एवम् उपकरणहरू छनौट भएको परामर्शदाता र नगरपालिकाविचको सम्झौतामा उल्लेख गरिनेछ ।